नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४७ | अङ्क १ | असोज २०७९ | सेप्टेम्बर-अक्टोबर २०२२

## Global Policy Forum, 2022 सम्पन्न

# गभर्नर अधिकारी SARFII को उपाध्यक्ष चयन




गभर्नर महाप्रसाद अधिकारी Alliance for Financial Inclusion (AFI) र सेन्ट्रल बैंक अफ जोर्डनको संयुक्त आयोजनामा सन् २०२२ सेप्टेम्बर ५-८ मा जोर्डनको डेड सीमा आयोजित 'ग्लोबल पलिसी फोरम, २०२२' मा सहभागी हुनुभयो ।

सो कार्यक्रमका अवसरमा गभर्नर अधिकारी सेप्टेम्बर ५ मा AFI को बोर्ड अफ डाइरेक्टर्स मिटिङ, सेप्टेम्बर ६ मा AFI को वार्षिक बैठक र AFI Leaders' Public-Private Dialogue (PPD) Roundtable, सेप्टेम्बर ७ मा 2022 AFI GPF को शुभारम्भ समारोह, Plenary Sessions, Technical Breakouts लगायतका कार्यक्रममा सहभागी हुनुभयो ।

साथै, Technical Breakout 2- Innovative Finance: Accelerating MSME Access to Finance, A Regulatory Perspective मा गभर्नर अधिकारीले Theme Setter वक्ताको रूपमा डिजिटल फाइनान्सका आयाम, यसले लघु, साना तथा मझौला उद्योगलाई पुग्ने सहयोग, नियामक निकायका चुनौतीलगायतका विषयमा प्रकाश पार्नुभएको थियो ।

साथै, सेप्टेम्बर ७ मा आयोजित एक समारोहकाबिच South Asia Region Financial Inclusion Initiative (SARFII) को औपचारिक शुभारम्भ भएको छ । सो समारोहमा AFI मा आबद्ध केन्द्रीय बैंक र अन्य सदस्य संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

यसैबिच, माल्दीभ्सको केन्द्रीय बैंक माल्दीभ्स मनिटरी अथोरिटीका गभर्नर अलि हसिम अध्यक्ष र गभर्नर महाप्रसाद अधिकारी सार्फीको उपाध्यक्षमा चयन हुनुभएको छ । समारोहमा माल्दीभ्स मनिटरी अथोरिटीका गभर्नर अलि हसिम र नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले क्रमशः अध्यक्ष र उपाध्यक्षको हैसियतमा उद्घाटन मन्तव्य राख्नुभएको थियो ।

SARFII को औपचारिक शुभारम्भको अघिल्लो दिन सेप्टेम्बर ६ मा आयोजित समारोहमा माल्दीभ्स मनिटरी अथोरिटी र नेपाल राष्ट्र बैंकका गभर्नर, स्टेट बैंक अफ पाकिस्तान र बङ्गलादेश बैंकका डेपुटी गभर्नर तथा एलायन्स फर फाइनान्सियल इन्क्लुजनका कार्यकारी निर्देशक डा. अल्फ्रेड ह्यानिगले 'सार्फी चार्टर'मा हस्ताक्षर गर्नुभएको थियो । उक्त समारोहमा बङ्गलादेशको माइक्रो क्रेडिट

रेगुलेटरी अथोरिटी, रोयल मनिटरी अथोरिटी अफ भुटान र सेन्ट्रल बैंक अफ श्रीलङ्काका प्रतिनिधिको समेत सहभागिता थियो । दक्षिण एसिया क्षेत्रमा वित्तीय समावेशीकरणको प्रवर्द्धनका निम्ति नीतिगत व्यवस्थाको तर्जुमा र सोको कार्यान्वयनलाई सबल बनाउने सामूहिक अभ्यासस्वरूप सार्फीको शुभारम्भ भएको हो ।

सार्फीअन्तर्गत क्षेत्रीयस्तरमा ज्ञान आदानप्रदान, क्षमता अभिवृद्धि र संयुक्त सिकाइ अभ्यास, प्राविधिक सहायताको कार्यान्वयन, विश्वव्यापी र क्षेत्रीयस्तरका असल अभ्यासको अनुकरण गर्दै सबै वर्गमा वित्तीय समावेशीकरणलाई प्रवर्द्धन गर्नेलगायतका रणनीतिक स्तम्भहरू तय भएका छन् । यसअन्तर्गत दक्षिण एसिया क्षेत्रमा वित्तीय समावेशीकरणको प्रवर्द्धनका निम्ति सन् २०२३-२०२५ सम्म कार्यान्वयन गर्नेगरी विभिन्न कार्ययोजनाहरू प्रस्ताव गरिएका छन् ।


AFI को Flagship Program को रूपमा रहेको 'ग्लोबल पलिसी फोरम' को उद्घाटन जोर्डनका प्रधानमन्त्री डा. बिशेर अल-खसानेहले गर्नुभएको थियो । सो कार्यक्रममा गभर्नर अधिकारीसँगै मौद्रिक व्यवस्थापन विभागका कार्यकारी निर्देशक नरेश शाक्य, भुक्तानी प्रणाली विभागका निर्देशक निश्चल अधिकारी र गभर्नरको कार्यालयका सहायक निर्देशक रोशन दाहालको समेत सहभागिता थियो ।

# चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ जारी

बैंक तथा वित्तीय संस्थाबाट प्रदान हुने चालु पुँजी प्रकृतिका कर्जाको औचित्य, प्रभावकारिता तथा सदुपयोगिता सुनिश्चित गर्ने उद्देश्यका साथ नेपाल राष्ट्र बैंकले 'चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९' जारी गरेको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले भदौ ७ गते उक्त मार्गदर्शन जारी गर्दै यसको कार्यान्वयन गर्न/गराउन इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ । मागदर्शनअनुसार फर्म/संस्था/कम्पनीलाई एक वा एकभन्दा बढी बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कुल रु.दुई करोड वा सोभन्दा कम रकमको चालु पुँजी कर्जाको सीमा निर्धारण गर्दा अनुमानित वार्षिक कारोबार/बिक्रीको अधिकतम २० प्रतिशतले हुन आउने रकमसम्म कुल चालु पुँजी कर्जा सीमा कायम गर्नुपर्नेछ । यस्तो कर्जाको अवधि एक वर्ष वा सोभन्दा कम हुनुपर्ने र कर्जा सीमा नवीकरणयोग्य हुने जनाइएको छ । तथापि, उद्यम व्यवसायको अपरेटिङ साइकल, क्यास कन्भर्जन साइकल, दैनिक सेल्स आउटस्ट्याण्डिङ, इन्भेन्टरी कन्भर्जन पिरियडलगायतको विश्लेषणमा विशेष प्रकृतिको आवश्यकता देखेमा अनुमानित वार्षिक कारोबार/बिक्रीको अधिकतम ४० प्रतिशतले हुने रकमसम्म कुल चालु पुँजी कर्जा सीमा कायम गर्नसक्ने व्यवस्था मार्गदर्शनमा राखिएको छ ।

यसै गरी, बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कुल रु.दुई करोडभन्दा बढी रकमको चालु पुँजी कर्जाको सीमा निर्धारण र आवश्यकता विश्लेषण गर्दा स्थायी र उतारचढाव हुने प्रकृतिको चालु पुँजी


चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९

नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग

आवश्यकताको पहिचान गर्नुपर्नेछ । अस्थायी चालु पुँजीको आवश्यकताको निम्ति अनुमानित वार्षिक कारोबार/बिक्रीको अधिकतम २५ प्रतिशतले हुन आउने रकमभन्दा बढी नहुने गरी कर्जा सीमा स्वीकृत गर्नुपर्ने हुन्छ । यस्तो कर्जाको अवधि एक वर्ष वा सोभन्दा कम हुनुपर्नेछ । बैंक तथा वित्तीय संस्थाले स्थायी चालु पुँजी कर्जाको आवश्यकताको निम्ति कम्तीमा पाँच वर्षको आवधिक प्रकृतिको कर्जा प्रदान गर्नुपर्ने व्यवस्था मार्गदर्शनमा राखिएको छ ।

बैंक तथा वित्तीय संस्थाले कम्तीमा तीन महिनामा एक पटक चालु सम्पत्ति र चालु दायित्व तथा वर्षको एकपटक अनिवार्य आकस्मिक निरीक्षण गरी सोको प्रतिवेदन कर्जा फाइलमा अद्यावधिक गरी राख्नुपर्नेछ । मौज्दातमा रहेको सामानको भौतिक निरीक्षणका क्रममा कर्जा दुरुपयोग भएको पाइएमा कर्जालाई खराब वर्गमा वर्गीकरण गरी शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम राखेर असुलीको प्रक्रिया अगाडि बढाउनुपर्ने मार्गदर्शनमा उल्लेख छ ।

चालु पुँजी कर्जाको सदुपयोगिताको निम्ति विभिन्न सर्तसहितको व्यवस्था मार्गदर्शनमा राखिएको छ । जसअनुसार चालु पुँजी कर्जाको रकम व्यावसायिक प्रयोजनको लागि मात्र प्रयोग भएको यकिन गर्नुपर्नेछ । उक्त रकम व्यावसायिक प्रयोजनबाहेक असम्बन्धित व्यक्ति वा साझेदार/प्रोप्राइटर/सञ्चालक/कर्मचारीलाई भुक्तानी गर्न वा रकमान्तर गर्न पाइने छैन । यसरी भुक्तानी गरेको पाइएमा सम्पूर्ण चालु पुँजी कर्जालाई खराब वर्गमा वर्गीकरण गरी शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ । चालु पुँजी प्रकृतिको कर्जा उपयोग गर्ने ऋणीको चल्ती खाता र कर्जा खाता छुट्टाछुट्टै सञ्चालन गर्नुपर्ने र ऋणीको व्यवसायको सम्पूर्ण नगद प्रवाह, इजाजतपत्रप्राप्त संस्थामा रहेको चल्ती खातामार्फत हुनुपर्ने व्यवस्था राखिएको छ ।

यो मार्गदर्शनको कार्यान्वयनबाट बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जाको सदुपयोगिता सुनिश्चित हुने, सम्पत्तिको गुणस्तर सुदृढ एवम् यथार्थपरक हुने र कर्जा जोखिम व्यवस्थापन प्रभावकारी हुने विश्वास लिइएको छ ।

# सञ्चालक पुष्करद्वारा का.मु. प्रधानन्यायाधीश कार्कीसमक्ष शपथ

अर्थ मन्त्रालयका सचिव कृष्णहरि पुष्करले कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्कीसमक्ष नेपाल राष्ट्र बैंक सञ्चालक समितिको सदस्यको रूपमा शपथ लिनुभएको छ ।

सर्वोच्च अदालतमा भदौ १ गते आयोजित एक कार्यक्रममा कायममुकायम प्रधानन्यायाधीश कार्कीले उहाँलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको हो । नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १४ मा अर्थ मन्त्रालयका सचिव नेपाल राष्ट्र बैंक सञ्चालक समितिको सदस्य रहने व्यवस्था छ । सोही ऐनको दफा १०८ (१) मा बैंकका सञ्चालकले सर्वोच्च अदालतको प्रधानन्यायाधीश वा निजले तोकेको न्यायाधीशसमक्ष शपथ लिनुपर्ने व्यवस्था छ ।

शपथ ग्रहण कार्यक्रममा सर्वोच्च अदालतका का.मु. मुख्य रजिष्ट्रार नारायणप्रसाद पन्थी, रजिष्ट्रार निर्मला पौडेल, सह-रजिष्ट्रारद्वय विमल पौडेल र नारायणप्रसाद रेग्मी, नेपाल राष्ट्र बैंकका निर्देशक एवम् सञ्चालक समितिका सचिव मुक्तिनाथ सापकोटालगायतका अधिकारीहरूको उपस्थिति थियो ।



# टक्सार महाशाखाको परियोजना सम्पन्न


टक्सार महाशाखाका पुराना मेसिन तथा उपकरणको परीक्षण र पुनर्स्थापनासम्बन्धी परियोजना सम्पन्न भएको छ । सिक्का टकमरीसँग सम्बन्धित मेसिन तथा उपकरणको परीक्षण र मर्मत/सम्भार गरी सञ्चालनमा ल्याउने सम्बन्धमा २०७८ साउनमा नेपाल राष्ट्र बैंक र काठमाडौं विश्वविद्यालयबीच सम्झौता भएको थियो ।



२०७९ साउन १८ गते टक्सार महाशाखामा आयोजित कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारी र काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा. भोला थापासमक्ष महाशाखाका निर्देशक विनोदराज आचार्य र विश्वविद्यालयको तर्फबाट परामर्श टोलीका संयोजक प्रा.डा. विवेक बरालले परियोजना समाप्तिको प्रतिवेदन पेस गर्नुभयो । कार्यक्रममा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, कार्यकारी निर्देशकहरू ऋषिकेश भट्ट, रेवतीप्रसाद नेपाल र दयाराम शर्मा पंगेनी तथा काठमाडौं विश्वविद्यालयका रजिष्ट्रार प्रा.डा. सुबोध शर्मा, सहायक डिन वृजेश अधिकारीलगायतको उपस्थिति थियो ।

गत वर्षको सम्झौताबमोजिम काठमाडौं विश्वविद्यालय, मेकानिकल इन्जिनियरिङ विभागले २०७८ चैतमा सोसम्बन्धी कार्य सम्पन्न गरेको थियो । मेसिन र उपकरणको मर्मत/सम्भारपछि असर्फी, मेडालियन, पदक तथा स्मारिका सिक्काका साथै चलन चल्तीका सिक्काको समेत टकमरी थालिएको जानकारी टक्सार महाशाखाले दिएको छ ।

# आर्थिक पत्रकारको निम्ति अभिमुखीकरण कार्यक्रम



बैंकर्स प्रशिक्षण केन्द्रले भदौ २८ र २९ गते काभ्रेको धुलिखेलमा आर्थिक पत्रकारहरूको निम्ति 'समसामयिक आर्थिक तथा बैंकिङ विषयमा अभिमुखीकरण कार्यक्रम' आयोजना गर्‍यो ।

१० वटा सत्रमा सञ्चालित कार्यक्रममा बैंकभित्र र बाहिरका विज्ञहरूले समसामयिक आर्थिक तथा बैंकिङ विषय र बैंक तथा वित्तीय क्षेत्रका कामकारवाहीसँग सम्बन्धित विषयमा आर्थिक पत्रकारहरूलाई प्रशिक्षण दिनुभयो । त्यस क्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले नेपालको वित्तीय प्रणाली र राष्ट्र बैंकको सञ्चार संयन्त्र र आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले मौद्रिक क्षेत्रका विविध पक्षलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो ।

भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले नेपालमा भुक्तानी प्रणालीको विकास, बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक किरण पण्डितले राष्ट्र बैंकको नियामकीय र सुपरिवेक्षकीय भूमिका, बैंक सुपरिवेक्षण विभागका निर्देशक डा. सत्येन्द्र तिमिल्सिनाले वित्तीय क्षेत्रको सूचक र आर्थिक अनुसन्धान विभागका निर्देशक डा. डिल्लीराम पोखेलले बाह्य क्षेत्रका विविध पक्षबारे प्रशिक्षण दिनुभयो ।

यसै गरी, आर्थिक अनुसन्धान विभागका उप-निर्देशक सिद्धराज भट्टले मुद्रास्फीति र यसको मापनबारे कार्यपत्र प्रस्तुत गर्नुभयो भने नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टमका प्रमुख कार्यकारी अधिकृत सञ्जीव सुब्बाले वित्तीय क्षेत्रका नवीनतम मुद्दा र बैंकिङ विज्ञ परशुराम कुँवर क्षेत्रीले वित्तीय विवरणका विविध पक्षबारे प्रशिक्षण दिनुभयो ।

कार्यक्रममा नेपाल आर्थिक पत्रकार समाज (सेजन)सँग आबद्ध ३१ जना आर्थिक पत्रकारहरूको सहभागिता थियो । कार्यक्रम समापनका अवसरमा गभर्नर महाप्रसाद अधिकारीले उत्साहजनक सहभागिताको निम्ति पत्रकारहरूलाई धन्यवाद दिँदै आगामी दिनमा यस्तो कार्यक्रमलाई थप परिस्कृत गर्दै लैजाने धारणा राख्नुभयो ।

सो अवसरमा सेजनका अध्यक्ष जनार्दन बरालले आर्थिक पत्रकारको क्षमता अभिवृद्धिमा विगतदेखि नै राष्ट्र बैंकको सकारात्मक भूमिका रहेको धारणा राख्नुभयो । बैंकर्स प्रशिक्षण केन्द्रका उप-निर्देशक लक्ष्मीनारायण ताम्रकारले कार्यक्रमको संयोजन गर्नुभयो भने सहायक निर्देशक अभिषेक खनालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# प्रिपेड कार्डबाट डेढ दर्जन वस्तुको भुक्तानीमा रोक

विदेशी मुद्रा अङ्कित प्रिपेड (डलर) कार्डबाट विभिन्न १८ वटा वस्तु तथा सेवाको भुक्तानी गर्न रोक लगाइएको छ । विदेशी विनिमय व्यवस्थापन विभागले भदौ १४ गते वाणिज्य बैंक र राष्ट्रियस्तरका विकास बैंकको निम्ति एक परिपत्र जारी गर्दै त्यस्ता वस्तु तथा सेवाको भुक्तानी प्रिपेड कार्डबाट नगर्न/नगराउन निर्देशनसमेत दिएको छ ।

सो परिपत्रअनुसार प्रिपेड कार्डमार्फत क्यासिनो, अनलाइन जुवा, प्रत्यक्ष बिमा सेवा, विदेशी बिमा सेवाको प्रिमियम भुक्तानी र अन्डर राइटिङ, धितोपत्र दलालको भुक्तानी दिइन पाइने छैन । यस्तै, सट्टेबाजी, घोडा तथा कुकुर रेसिङ, विदेशी रियल स्टेटको भुक्तानी, राजनीतिक तथा धार्मिक सङ्गठनको भुक्तानीमा समेत रोक लगाइएको छ ।

नेपाल राष्ट्र बैंकले अनलाइनमार्फत विदेशबाट वस्तु तथा सेवा खरिदबापतको भुक्तानी गर्ने प्रयोजनका लागि वाणिज्य बैंक र राष्ट्रियस्तरका विकास बैंकले तोकिएका सर्तको अधीनमा रही विदेशी मुद्राको भुक्तानी गर्न वार्षिक अधिकतम अमेरिकी डलर ५०० वा सोबराबरको परिवर्त्य विदेशी मुद्राको प्रिपेड कार्ड जारी गरी विदेशी मुद्रा सटही सुविधा प्रदान गर्नसक्ने व्यवस्था गरेको थियो ।

यसैबिच, विदेशी विनिमय व्यवस्थापन विभागले 'एकीकृत परिपत्र-२०७८' मा संशोधन गर्दै इ-भिसा प्रणालीबाट भिसा आवेदन लिने व्यवस्था गरेका मुलुकले सो कार्य गर्न नेपालस्थित अन्य संस्थाहरू तोकेमा त्यस्ता संस्थामार्फत भिसाबापत सङ्कलित रकमको लागि बैंक तथा वित्तीय संस्थाबाट जारी विद्युतीय/काडमार्फत सटही सुविधा प्रदान गर्न सकिने व्यवस्था गरेको छ । त्यसको निम्ति विभागले विभिन्न सर्तहरूसमेत निर्धारण गरेको छ ।

# गैरवित्तीय पेसाकर्मीसँग अन्तरक्रिया



वित्तीय जानकारी इकाईले भदौ ३० गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका सम्बन्धमा गैरवित्तीय पेसाकर्मी र व्यवसायीसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

डेपुटी गभर्नर बमबहादुर मिश्रको प्रमुख आतिथ्यमा इकाईले उक्त अन्तरक्रिया आयोजना गरेको हो । सो अवसरमा इकाईका उप-निर्देशक स्वरूप श्रेष्ठले 'AML/CFT in DNFBPs' तथा 'goAML in DNFBPS' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा डेपुटी गभर्नर मिश्रले सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका सम्बन्धमा गैरवित्तीय व्यवसायी तथा पेसाकर्मीले पनि आफ्ना ग्राहकको प्रोफाइल र जोखिमको आधारमा कारोबारको नियमित रिपोर्टिङ गर्नुपर्ने धारणा राख्नुभयो । यसै वर्ष हुने नेपालको पारस्परिक मूल्याङ्कनको प्रभावकारी व्यवस्थापनका निम्ति सबै क्षेत्रहरू क्रियाशील रहनुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा वित्तीय जानकारी इकाईका प्रमुख दीर्घबहादुर रावलले सम्पत्ति शुद्धीकरण निवारणका लागि गैरवित्तीय व्यवसायी र पेशाकर्मीलाई नयाँ मा आबद्ध भई कारोबारको विवरण वित्तीय जानकारी इकाईमा पठाउन आग्रह गर्नुभयो ।

सो अवसरमा पर्यटन विभागका महानिर्देशक होमप्रसाद लुइटेलले सम्पत्ति शुद्धीकरण निवारणका लागि नेपालले खेलेको भूमिकाबारे उल्लेख गर्दै पारस्परिक मूल्याङ्कनको तयारीका सम्बन्धमा धारणा राख्नुभयो ।

कार्यक्रममा पर्यटन मन्त्रालय, राजस्व अनुसन्धान विभाग, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, विभिन्न नियामक निकाय, नेपाल नोटरी पब्लिक परिषद्, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, नेपाल कानुन व्यवसायी परिषद्, नेपाल क्यासिनो एसोसियसन, नेपाल सुनचाँदी व्यवसायी महासंघ, नेपाल सुनचाँदी रत्न तथा आभुषण व्यवसायी महासंघ, नेपाल हस्तकला महासंघ, नेपाल जग्गा तथा आवास विकास संघ, नेपाल नोटरी पब्लिक एसोसियसन, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ, नेपाल अडिटर्स एसोसियसन, नेपाल बार एसोसियसन, क्यासिनो व्यवसायी, सुनचाँदी व्यवसायी, नोटरी पब्लिक व्यवसायी, लेखापरीक्षण व्यवसायी, कानुन व्यवसायीलगायतको सहभागिता थियो ।

कार्यक्रमा इकाईका उप-निर्देशक केशवप्रसाद रिमालले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक आश्मा ज्ञवालीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# पोखरामा एकीकृत निर्देशनसम्बन्धी अन्तरक्रिया




पोखरा कार्यालयले भदौ १७ गते 'क', 'ख', र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको 'एकीकृत निर्देशन, २०७८' का सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीति, वर्तमान वित्तीय स्थिति र एकीकृत निर्देशनका प्रमुख व्यवस्थाका विषयमा छलफल भएको थियो । सो अवसरमा कार्यकारी निर्देशक भट्टले राष्ट्र बैंकद्वारा जारी पछिल्लो मौद्रिक नीति र एकीकृत निर्देशनले मूल्य, बाह्य क्षेत्र र वित्तीय क्षेत्रको स्थायित्व कायम गर्नेतर्फ केन्द्रित रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा गण्डकी प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाका प्रदेश प्रमुख र प्रतिनिधिहरूको सहभागिता थियो । सो अवसरमा सहभागीहरूबाट अगामी दिनमा एकीकृत निर्देशनमा गर्नुपर्ने परिमार्जनका सम्बन्धमा सुझाव प्राप्त भएको थियो ।

सो अवसरमा पोखरा कार्यालयका निर्देशक डा. रामशरण खरेलले कार्यक्रमको महत्वमाथि प्रकाश पार्नुभयो भने उप-निर्देशक प्रतिभा अधिकारीले स्वागत मन्तव्य राख्नुभएको थियो । प्रधान सहायक तारा पोखरेल शर्माले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# शोधनान्तर तथ्याङ्क सङ्कलन र प्रशोधनसम्बन्धी अन्तरक्रिया

आर्थिक अनुसन्धान विभागले भदौ ३० गते काठमाडौंमा शोधनान्तर तथ्याङ्क सङ्कलन तथा प्रशोधनसँग सम्बन्धित विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रमको पहिलो सत्रमा विभागका उप-निर्देशक मेदनीप्रसाद पोखेलले शोधनान्तर तथ्याङ्कको परिभाषा, महत्व एवम् उपयोगिताका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, उप-निर्देशक नवीना ढकालले BPM6 अनुसार तथ्याङ्क सङ्कलन गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकबाट जारी गरिएको 'International Transaction Reporting System (ITRS) Guidelines' मा समावेश भएका विषयबारे प्रस्तुति दिनुभयो ।

कार्यक्रमको दोस्रो सत्रमा विभागका सहायक निर्देशक रामप्रसाद न्यौपानेले शोधनान्तर तथ्याङ्क सङ्कलनका विविध पक्षबारे चर्चा गर्दै शोधनान्तर तथ्याङ्क सङ्कलन कार्यमा देखिएका समस्याको बारेमा जानकारी दिनुभयो ।

सो अवसरमा विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले शोधनान्तर तथ्याङ्कको प्रमुख स्रोत बैंक तथा वित्तीय संस्था रहेको उल्लेख गर्दै यस्ता तथ्याङ्कको शुद्धता र विश्वसनीयता अभिवृद्धि गर्ने सन्दर्भमा ती संस्थाका कर्मचारीको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । प्रभावकारी नीति निर्माणको निम्ति शोधनान्तर तथ्याङ्क महत्वपूर्ण हुने धारणा उहाँले राख्नुभयो । कार्यक्रममा विभागका निर्देशक डा. डिल्लीराम पोखेलले कार्यक्रममा भएको सहभागितामूलक अन्तरक्रियाबाट आगामी दिनमा तथ्याङ्क सङ्कलन र प्रशोधनको कार्य थप प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो ।



कार्यक्रममा २६ वाणिज्य बैंक, आठ वटा राष्ट्रियस्तरका विकास बैंक, नेपाल राष्ट्र बैंक, बैकिङ विभागका कर्मचारीको सहभागिता थियो । सो अवसरमा विभागका उप-निर्देशक आलोकज्योती शाक्यले कार्यक्रमको आवश्यकता, उद्देश्य र महत्वमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक रोलेन्द्रविक्रम जवेगुले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सम्पत्ति शुद्धीकरण निवारण विषयमा ज्ञान आदानप्रदान कार्यक्रम

गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागले साउन ३१ गते 'AML/CFT' विषयमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो ।

विभागका कार्यकारी निर्देशक विमलराज खनालको अध्यक्षतामा आयोजित कार्यक्रममा उक्त विभागका कर्मचारीहरूको सहभागिता थियो । सो अवसरमा वित्तीय जानकारी इकाईका उप-निर्देशक स्वरूप श्रेष्ठले 'AML-CFT: Non-Bank Financial Institutions Supervision Department' र बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक अभियान उपाध्यायले 'Conducting AML/CFT Supervision' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । त्यस क्रममा विभागको कार्यक्षेत्रभित्र पर्ने विदेशी विनिमय कारोबार गर्ने कम्पनी, हायर पर्चेज कम्पनी, राष्ट्रिय सहकारी बैंक लिमिटेड र हाइड्रोइलेक्ट्रीसीटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनीको निरीक्षण तथा सुपरिवेक्षणका क्रममा समेट्नुपर्ने सम्पत्ति शुद्धीकरण निवारणका नीतिगत व्यवस्थाका विषयमा छलफल भएको थियो । कार्यक्रममा विभागका कर्मचारीहरूको सहभागिता थियो ।



# वित्तीय साक्षरता रूपरेखाको कार्यान्वयनसम्बन्धी अन्तरक्रिया




गभर्नरको कार्यालयले भदौ १० र ११ गते भक्तपुरको नगरकोटमा नेपालमा वित्तीय साक्षरता रूपरेखाको कार्यान्वयनका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

उक्त रूपरेखाको कार्यान्वयनको सिलसिलामा बैंकबाट जारी हुने नियामकीय र सुपरिवेक्षकीय नीतिको तर्जुमाको निम्ति बाह्य सरोकारवाला पक्षसँग सुझाव लिने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको हो । कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल माताङ्गि मास्केको अध्यक्षतामा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवा प्रदायक र बैंकर एसोसियसनका प्रतिनिधिको सहभागिता थियो ।

पहिलो दिनको पहिलो सत्रको कार्यक्रममा लघुवित्त संस्था सुपरिवेक्षण विभागका निर्देशक सृजना बास्तोलाले 'Financial Literacy Initiatives from NRB' र दोस्रो सत्रमा बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक किरण पण्डितले 'Supervisory and Regulatory Framework of FL Functions' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

यसै गरी, दोस्रो दिनको पहिलो सत्रमा गभर्नरको कार्यालयका निर्देशक अजित रेग्मीले 'FLF and Market Conduct Supervision on BFIs' र नबिल बैंक लिमिटेडका कृष्ण सुवेदीले 'Financial Literacy Initiatives of Nepali Banks' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा गभर्नरको कार्यालयसँगै भुक्तानी प्रणाली विभागका कर्मचारीको समेत सहभागिता थियो । कार्यक्रममा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. मास्केले समापन मन्तव्य राख्नुभयो भने सहायक निर्देशक सृजना क्षेत्रीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सिद्धार्थनगरमा ज्ञान आदानप्रदान कार्यक्रम




सिद्धार्थनगर कार्यालयले भदौ १६ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यालयको सभाकक्षमा आयोजित कार्यक्रममा सहायक निर्देशक सुजल ढुङ्गानाले 'नेपाल राष्ट्र बैंकमा जोखिममा आधारित आन्तरिक लेखापरीक्षण' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

त्यस क्रममा उहाँले जोखिममा आधारित लेखापरीक्षणको अवधारणा, विकासक्रम, राष्ट्र बैंकमा यसको अभ्यास, महत्व, यससम्बन्धी नीतिगत व्यवस्था र चुनौतीका सम्बन्धमा प्रकाश पार्नुभयो । सिद्धार्थनगर कार्यालयका निर्देशक रञ्जना पण्डित पौडेलको संयोजकत्वमा आयोजित कार्यक्रममा कार्यालयका कर्मचारीको सहभागिता थियो । सहायक निर्देशक माधवराज ढकालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# प्रकाशन निर्देशिका र बैंकका प्रकाशनको भाषा



डा. भागवत आचार्य
उप-निर्देशक

नेपाल राष्ट्र बैंकले नयाँ प्रकाशन निर्देशिका, २०७९ जारी गरेको छ। नयाँ निर्देशिकाले प्रकाशन निर्देशिका, २०६८ लाई विस्थापन गरेको हो। मूलतः केन्द्रीय सम्पादक मण्डलको जिम्मेवारीको परिमार्जन तथा प्रकाशनका सम्बन्धमा प्रकाशक विभाग र सो विभागमा गठन हुने सम्पादक मण्डललाई जिम्मेवार बनाउनु यस निर्देशिकाको महत्वपूर्ण उद्देश्य हो। यसका अतिरिक्त प्रकाशन प्रक्रियालाई सरल बनाइनु पनि थप विशेषता हो। एक तथ्याङ्कअनुसार बैंकबाट २७ किसिमका प्रकाशन हुने तथ्य प्रकाशनमा आएको थियो (उप्रेती, २०६५)। यस प्रकार यति धेरै परिमाणमा प्रकाशन हुने भएकाले ती प्रकाशनको गुणस्तर अभिवृद्धि गर्नु बैंकको दायित्व पनि हो।

निर्देशिकाको प्रारम्भमा उल्लेख भएअनुसार बैंकका विभिन्न विभाग/कार्यालयबाट हुने भौतिक वा विद्युतीय प्रकाशनमा गुणस्तर कायम गर्ने उद्देश्यले त्यस्ता प्रकाशनमा भाषागत शुद्धता, शैली, आकारमा एकरूपता कायम गर्न तथा वितरण एवम् अभिलेख प्रणालीलाई थप व्यवस्थित बनाउन निर्देशिका तर्जुमा गर्नु वाञ्छनीय भएकोले यो निर्देशिका ल्याइएको कुरा उल्लेख गरिएबाट बैंकका प्रकाशनको गुणस्तर अभिवृद्धि गर्नु एक प्रमुख उद्देश्य रहेको स्पष्ट हुन्छ।

यसअघिको निर्देशिकामा उल्लिखित व्यवस्थाका अतिरिक्त यस निर्देशिकाको विशेषता भनेको बैंकका नेपाली वा अङ्ग्रेजी दुवै भाषाका प्रकाशन, भाषा सम्पादन एवम् प्रुफ रिडिङ गराएर मात्र प्रकाशन गर्नुपर्ने प्रावधान हुनु हो। यसका लागि केन्द्रीय सम्पादक मण्डलले भाषाविद्हरूको सूची तयार गर्नुपर्ने र त्यसरी सूचीकृत हुने भाषाविद्मार्फत सम्पादन गराएर मात्र प्रकाशन गर्नुपर्ने व्यवस्था गरेको छ। यस व्यवस्थाबाट बैंकका प्रकाशनको भाषा परिष्कृत हुनुका साथै पाठकका लागि चित्ताकर्षक एवम् सुस्वादु हुने अपेक्षा गरिएको देखिन्छ।

निर्देशिकाबमोजिम केन्द्रीय सम्पादक मण्डलले अङ्ग्रेजी वा नेपाली वा दुवै भाषाको प्रकाशनको लागि भाषागत शुद्धता, एकरूपता, गुणस्तर र अन्य आवश्यक सेवा लिने प्रयोजनका लागि आन्तरिक र बाह्य विशेषज्ञसमेत समावेश गरी भाषाविद्को सूची तयार गर्नुपर्नेछ। जसका लागि बैंकमा कार्यरत कर्मचारी वा बाह्य विशेषज्ञहरूबाट आवश्यक मापदण्ड तोकी केन्द्रीय सम्पादक मण्डलले आवेदन आह्वान गर्नेछ र तयार गरिएको भाषाविद्को सूची गभर्नरबाट स्वीकृत गराई बैंकका सबै विभाग/कार्यालयको जानकारीको लागि इन्ट्रानेटमा राख्नुपर्ने व्यवस्था गरिएको छ। प्रकाशन सामग्रीको भाषा सम्पादन तथा प्रुफ रिडिङ गराएर मात्र प्रकाशन गर्ने कामको जिम्मेवारी प्रकाशक विभागको हुने प्रावधान निर्देशिकामा राखिएको छ।

यसै गरी, बैंकका कतिपय प्रकाशनहरू गोपनीयसमेत हुने भएकाले सकभर मातहत कर्मचारीबाट वा बैंकमा कार्यरत कर्मचारीबाटै काम गराउनुपर्ने भएको छ भने बैंकभित्रका कर्मचारीबाट सो भाषा सम्पादन (प्रुफ रिडिङसमेत) कार्य हुन नसक्ने भएमा सम्बन्धित विभाग/कार्यालयले सूचीकृत भाषाविद्मध्येबाट आवश्यकताअनुसार सेवा लिन सक्ने र सो सेवा लिएबापत् विभागले पारिश्रमिकलगायत आवश्यक सर्त तोक्न सक्ने व्यवस्था गरिएको छ।

यसै गरी, विभाग/कार्यालय वा प्रकाशनमा आबद्ध सम्पादक मण्डललगायत अन्य सबै सदस्यले प्रकाशन सार्वजनिक नभएसम्म प्रकाशनमा रहने विवरण वा तथ्याङ्क वा पूर्वानुमान वा प्रक्षेपण वा अन्य व्यवस्थाका बारेमा गोपनीयता कायम गर्नुपर्ने तथा संवेदनशील तथा गोपनीय प्रकाशनहरूमा बैंकबाहिरका विशेषज्ञ वा भाषाविद्लाई संलग्न गराउन नपाइने व्यवस्थासमेत निर्देशिकामा राखिएको छ।

## प्रकाशन स्वीकृति प्रक्रिया

पुरानो निर्देशिकामा प्रकाशन स्वीकृति प्रक्रिया तुलनात्मक रूपमा झन्झटिलो रहेको महसुस गरिएको थियो। अहिले सो व्यवस्थालाई परिमार्जन गरी सम्बन्धित विभागलाई बढी जिम्मेवार बनाइएको छ। नयाँ निर्देशिकाअनुसार प्रकाशक विभागमा गठन हुने सम्पादक मण्डलले कुनै नयाँ प्रकाशन गर्नुपर्ने भएमा प्रकाशनको औचित्य र उपयोगिता खुलाई उक्त प्रकाशनको स्वीकृति प्रक्रियाका लागि केन्द्रीय सम्पादक मण्डलमा पठाउनुपर्ने, केन्द्रीय सम्पादक मण्डलले सो सम्बन्धमा बढीमा एक महिनाभित्र छलफल तथा निर्णय गरी रायसहित सम्बन्धित विभागमा पठाउनुपर्ने, केन्द्रीय सम्पादक मण्डलको रायसमेत समावेश गरी प्रकाशक विभागले गभर्नरसमक्ष पेस गर्नुपर्ने र सम्बन्धित विभागको अनुरोध तथा केन्द्रीय सम्पादक मण्डलको सिफारिससमेतका आधारमा गभर्नरबाट प्रकाशनको लागि स्वीकृति प्रदान हुनसक्ने व्यवस्था गरिएको छ।

यसअघि प्रकाशनका लागि जनसम्पर्क महाशाखामार्फत केन्द्रीय सम्पादक मण्डलसमक्ष पठाउनुपर्ने व्यवस्था रहेकोमा अहिले सो व्यवस्थालाई हटाइएको छ। यसै गरी, कुनै पनि प्रकाशनका लागि प्रकाशक विभाग नै सम्बन्धित विषयको विज्ञ हुने अवधारणाका आधारमा प्रकाशक विभागलाई सम्पादन कार्यमा जिम्मेवार बनाउने उद्देश्य नयाँ निर्देशिकाले लिएको देखिन्छ। साथै, निर्देशिकाबमोजिम स्वीकृतिप्राप्त प्रकाशनको निरन्तरताको लागि पुनः स्वीकृति लिनुनपर्ने तर प्रकाशन स्थगित भइसकेको अवस्थामा पुनः प्रकाशन सुचारु गर्नुपर्ने भएमा पहिलेकै प्रक्रिया अवलम्बन गर्नुपर्ने व्यवस्था पनि गरिएको छ।

## सम्पादक मण्डल

प्रस्तुत निर्देशिकामा कुनै पनि प्रकाशनका लागि प्रकाशक विभागले प्रकाशन सम्पादन प्रयोजनका लागि एक सम्पादक मण्डल गठन गर्नुपर्ने र सो सम्पादक मण्डलले प्रस्तुत निर्देशिका, केन्द्रीय सम्पादक मण्डलको निर्देशन, प्रकाशनको गुणस्तर, बैंकका प्रकाशनको एकरूपता आदिसमेतलाई पालना गरी सम्पादन र प्रकाशनसम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था गरिएको छ।

## केन्द्रीय सम्पादक मण्डल

अघिल्लो निर्देशिकामा सम्पादनको मुख्य जिम्मेवार केन्द्रीय सम्पादक मण्डललाई बनाइएकोमा यस निर्देशिकामा गुणस्तरलाई केन्द्रमा राखेर जिम्मेवार बनाइएको देखिन्छ। केन्द्रीय सम्पादक मण्डलले प्रकाशक विभागबाट प्रकाशन स्वीकृतिका लागि आएका पाण्डुलिपिको मूल्याङ्कन गरी प्रकाशन प्रक्रियाका लागि आवश्यक भएमा राय तथा सिफारिससहित सम्बन्धित विभागमा

पठाउने, बैंकका प्रकाशनमा भाषागत् शुद्धता एवम् एकरूपता कायम गराउन भाषाविद्को सूची तयार गरी गभर्नरसमक्ष सिफारिस गर्ने, लेखक तथा सम्पादकहरूलाई उपलब्ध गराउने पारिश्रमिक तथा प्रोत्साहन रकम निर्धारण गर्नका लागि गभर्नरसमक्ष सिफारिस गर्ने, प्रकाशनको गुणस्तर अभिवृद्धि गर्न मुद्रण विन्याससँग सम्बन्धित विषय र भाषागत शुद्धताजस्ता विषयमा एकीकृत प्रकाशन मापदण्ड बनाई कार्यान्वयन गर्ने गराउने, बैंकका प्रकाशनलाई बैंकको वेबसाइटमा राख्ने वा नराख्ने सम्बन्धमा सल्लाह दिनेलगायतका जिम्मेवारी केन्द्रीय सम्पादक मण्डललाई प्रदान गरिएको छ ।

**अन्त्यमा,**

देशको केन्द्रीय बैंकको रूपमा बैंकका प्रकाशनहरू देशभित्र मात्र नभई अन्तर्राष्ट्रिय रूपमा समेत महत्वपूर्ण हुने गर्दछन् । साथै, बैंकका प्रकाशन अहिले भौतिक मात्र नभई विद्युतीयसमेत भएका छन् । विद्युतीय प्रकाशनलाई स्थान दिनु, प्रकाशनको गुणस्तरमा ध्यान दिनु, भाषाविद्को सूची तयार गरी प्रुफ रिडिङ गराएर मात्र भौतिक वा अभौतिक रूपमा छपाइमा लैजाने व्यवस्था गर्नु आदि यस निर्देशिकाका विशेषता हुन् । यी व्यवस्थाले प्रत्यक्ष रूपमा बैंकका प्रकाशनको गुणस्तर अभिवृद्धि हुनुका साथै अप्रत्यक्ष रूपमा भाषा साहित्यको सेवा पनि हुने र बैंकको सार्वजनिक छवि अभिवृद्धिसमेत हुने अपेक्षा गर्न सकिन्छ । देशको केन्द्रीय बैंकको हैसियतले प्रकाशनलाई गुणस्तरीय बनाउनु बैंकको कर्तव्य पनि हो । यो निर्देशिका आएसँगै बैंकका कर्मचारीलाई भाषा सम्बन्धमा सजग बनाउनुपर्ने र शुद्धतामा ध्यान दिनुपर्ने चुनौती बैंकमाथि थपिएको छ । यसको निम्ति सम्बद्ध कर्मचारीलाई यथोचित प्रशिक्षण दिनुपर्ने आवश्यकतासमेत देखिन्छ ।

# सिद्धार्थनगर, विराटनगर र जनकपुरमा समसामयिक विषयमा अन्तरक्रिया


सिद्धार्थनगर



विराटनगर


जनकपुर

सिद्धार्थनगर कार्यालयले भदौ २३ गते समसामयिक बैंकिङ विषयमा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

निर्देशक रञ्जना पण्डित पौडेलको अध्यक्षतामा आयोजित कार्यक्रममा नयाँ नोट वितरण, सफा नोट नीति, जाली नोट पहिचान र समसामयिक विषयमा छलफल भयो । सो अवसरमा लुम्बिनी प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत, प्रदेश प्रमुखसहित ४५ जनाको सहभागिता थियो ।

यसै गरी, जनकपुर कार्यालयले भदौ २३ गते बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिसँग नयाँ नोट वितरण तथा अन्य समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्‍यो । जनकपुर कार्यालयका निर्देशक नीरा ताल्चाभडेलको अध्यक्षतामा आयोजित कार्यक्रममा स्थानीय बैंक तथा वित्तीय संस्थाका प्रमुखहरूको सहभागिता थियो ।

यसै गरी, विराटनगर कार्यालयले भदौ २६ गते बैंक तथा वित्तीय संस्थाका समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

कार्यालयका निर्देशक मीना पाण्डेको अध्यक्षतामा आयोजित कार्यक्रममा दसैंको निम्ति नयाँ नोट वितरणको तयारी, नोट सर्टिङ, बैंकिङ कारोबार, वित्तीय ग्राहकका गुनासोसँग सम्बन्धित विषयमा छलफल भएको थियो । कार्यक्रममा प्रदेश नं. १ स्थित वाणिज्य बैंकका प्रदेश प्रमुख र सोही प्रदेशमै केन्द्रीय कार्यालय रहेका विकास बैंकका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता थियो ।

# वित्तीय साक्षरता अभिवृद्धिमा नेपाल राष्ट्र बैंकको भूमिका



✍ डा. रमेशप्रसाद चौलागाईं
उप-निर्देशक

## पृष्ठभूमि

नेपालको पहिलो वित्तीय क्षेत्र विकास रणनीति (२०७३/७४-२०७७/७८) मा नेपाल राष्ट्र बैंकको नेतृत्वमा 'वित्तीय साक्षरता र शिक्षाका माध्यमबाट जनचेतना अभिवृद्धि गर्ने' भन्ने उल्लेख भएपश्चात् नेपाल राष्ट्र बैंकको तेस्रो रणनीतिक योजना (सन् २०१७-२१) मा Enhancing Financial Literacy and Financial Education शीर्षकमा विभिन्न कार्यक्रमहरू सम्पन्न भए। पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) मा वित्तीय साक्षरताको कमीका कारणले वित्तीय सेवाको माग पक्ष कम भएको उल्लेख गर्दै स्थानीय तह, बैंक तथा वित्तीय संस्था, सहकारी एवम् सामुदायिक संस्थाको सहकार्यमा वित्तीय साक्षरता अभिवृद्धि गरिने उल्लेख छ। यसै गरी, नेपाल राष्ट्र बैंकको चौथो रणनीतिक योजना (सन् २०२२-२७) मा वित्तीय साक्षरता र डिजिटल वित्तीय साक्षरताका माध्यमबाट वित्तीय समावेशिताको लक्ष्य प्राप्त गर्ने उल्लेख छ। साथै, बैंकले आर्थिक वर्ष २०७९/८० का लागि सार्वजनिक गरेको मौद्रिक नीतिमा मूलतः बैंक तथा वित्तीय संस्थाबाट कार्यान्वयन हुनेगरी 'वित्तीय साक्षरता रूपरेखा, २०७९' जारी गर्ने उल्लेख छ। वित्तीय साक्षरताका सम्बन्धमा उल्लिखित सबै प्रकारका नीतिगत प्रयास र प्राथमिकताले व्यक्तिगत आम्दानीलाई उपयुक्त तबरले बचत, खर्च, ऋण भुक्तानी तथा लगानी आदिमा उपयोग एवम् व्यवस्थित गर्ने कुरालाई केन्द्रमा राखेको देखिन्छ।

## वित्तीय साक्षरताले समेट्ने क्षेत्र

वित्तीय साक्षरता मूलतः व्यक्तिगत वित्त (Personal Finance) को वरिपरि रहने गर्दछ। एउटा व्यक्तिले आर्जन गरेको आय, लिएको ऋण र अन्य स्रोतबाट प्राप्त गरेको रकमलाई विवेकशील ढङ्गले प्रयोग गरी आर्थिक हित जगेर्ना गर्न सक्छ भन्ने कुरा नै वित्तीय साक्षरताले समेट्ने मूल विषय हो। वित्तीय साक्षरताले समेट्ने आधारभूत विषय वित्तीय ज्ञान र सीप हो। वित्तीय जानकारी, सूचना, चेतना, पहिचान र अवधारणाको समुच्च रूप नै वित्तीय ज्ञान हो। तर, वित्तीय ज्ञान के, कति, कसका लागि र केका लागि भन्ने प्रश्न महत्वपूर्ण रहने गर्दछ। त्यसैले वित्तीय ज्ञान जहिले पनि सापेक्षित, तुलनात्मक र परीवर्तनशील चरको रूपमा लिइन्छ। कसका लागि के कुराको कति वित्तीय ज्ञान आवश्यक पर्दछ भनी वैज्ञानिक ढङ्गले मापन गर्न कठिन छ। वित्तीय साक्षरताको दोस्रो पक्ष वित्तीय सीप हो। वित्तीय दक्षता, निर्णय क्षमता, वित्तीय




गणना वा अङ्कगणितीय ज्ञान र सीपका साथै वित्तीय योजना निर्माण गर्न सक्ने खुबीको समुच्च रूप नै वित्तीय सीप वा कौशल हो। वित्तीय कौशलअन्तर्गत कसरी मानिसले आफ्ना सीमित आर्थिक स्रोतको उपयोग गर्ने सीप सिक्छ र त्यसको उपयोग गर्दछ भन्ने कुराहरू पर्दछन्। व्यावहारिक रूपमा व्यक्तिले ग्रहण गर्ने वित्तीय साक्षरताको स्तरलाई दुई भागमा विभाजन गर्न सकिन्छ: आधारभूत र अग्रिम वा स्तरीय। आधारभूत वित्तीय साक्षरतालाई वित्तीय सेवा, प्रणाली, उपयोगिता र सही वित्तीय निर्णय लिनेसम्बन्धी न्यूनतम ज्ञान र सीपका रूपमा लिन सकिन्छ भने अग्रिमस्तरको वित्तीय साक्षरताअन्तर्गत वित्तीय विश्लेषण गर्न सक्ने क्षमता, वैकल्पिक वित्तीय सेवाको खोजी गर्ने क्षमता र आर्थिक तथा वित्तीय प्राणालीको स्तरीय ज्ञान आदि समेटिन्छन्। यद्यपि, वित्तीय साक्षरता समग्रमा परिवर्तनशील, समयसापेक्ष र सापेक्षिक विषय हो।

## नेपाल राष्ट्र बैंकको प्रयास

१. Alliance for Financial Inclusion (AFI) को वित्तीय तथा प्राविधिक सहयोगमा 'वित्तीय साक्षरता रूपरेखा, २०७९' (Financial Literacy Framework, 2022) जारी हुने क्रममा छ भने मूलतः बैंक तथा वित्तीय संस्थामार्फत वित्तीय साक्षरताका कार्यक्रमहरू कार्यान्वयन गर्ने उद्देश्यले 'वित्तीय साक्षरता मार्गदर्शन, २०७८' (Financial Literacy Guidelines, 2022) जारी गरिएको छ। वित्तीय शिक्षासम्बन्धी विभिन्न विषयलाई विद्यालयस्तरका पाठ्यक्रममा समेट्न शिक्षा मन्त्रालयअन्तर्गतको पाठ्यक्रम विकास केन्द्रसँग आवश्यक समन्वय गर्ने योजना बैंकले बनाएको छ।

२. सबै बैंक तथा वित्तीय संस्थालाई संस्थाको खुद नाफाबाट छुट्याइने संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकमलाई १०० प्रतिशत मानी सोको पाँच

प्रतिशत रकम महिला तथा सीमान्तकृत समुदायलाई लक्षित गरी तालिम तथा वित्तीय चेतना अभिवृद्धिमा टेवा पुग्ने किसिमका वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम सञ्चालन गर्न निर्देशन जारी गरिएको छ ।

३. बैंकको वार्षिक कार्यक्रमअन्तर्गत विभिन्न उच्च माध्यमिक विद्यालयस्तरका विद्यार्थीलाई लक्षित गरी हरेक वर्ष 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' कार्यक्रम सञ्चालन हुँदै आएको छ ।

४. बैंकले वित्तीय साक्षरता प्रवर्द्धन गर्ने उद्देश्यले 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक', 'वित्तीय साक्षरताः सन्दर्भ पुस्तक' र 'पैसाको बोट' विषयक सन्दर्भ सामग्रीहरू प्रकाशन गरी बैंकको वेबसाइटमा समेत अपलोड गरेको छ । साथै, केही वित्तीय चेतनामूलक गीतहरूको सँगालो तयार पारी बैंकको वेबसाइटमा अपलोड गरिएको छ । साथै बैंकले नियमित प्रकाशन गर्ने विभिन्न अध्ययन प्रतिवेदन, परिपत्र, समाचार/ बुलेटिनलगायतका दस्तावेजमार्फत सरोकारवाला पक्षको वित्तीय साक्षरता प्रवर्द्धनमा जोड दिँदै आएको देखिन्छ ।

५. विभिन्न सात वटा विषयका वित्तीय चेतना अभिवृद्धि गर्ने श्रव्यदृष्य सामग्री निर्माण गरी राष्ट्रियस्तरका टेलिभिजन र बैंकका आधिकारिक समाजिक सञ्जालबाट प्रसारण गर्नुका साथै ती सामग्रीलाई वेबसाइटमा अपलोड गरिएको छ । श्रव्यदृष्य सामग्रीमार्फत सफा नोट नीतिको कार्यान्वयन, फजुल खर्च घटाई बचत गर्ने अभ्यास, देशभित्र स्वदेशी मुद्रामै कारोबार गर्ने, समयमै कर्जा भुक्तानी गर्ने, सहुलियत कर्जा उपयोग गरी व्यवसाय गर्ने, विदेशबाट विप्रेषण पठाउँदा औपचारिक माध्यमबाट मात्र पठाउने, भुक्तानी कारोबारमा डिजिटल माध्यमको प्रयोग गर्ने जस्ता विषयमा चेतना अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ । बैंकले केही बर्षअघि वित्तीय साक्षरतासम्बन्धी विषयमा हास्य टेलिश्रृङ्खला निर्माण गरी टेलिभिजनबाट प्रसारण समेत गरेको थियो ।

६. वित्तीय चेतना अभिवृद्धिको निम्ति विभिन्न चेतनामूलक सूचना, जानकारी, डिजिटल ब्यानर तयार गरी विभिन्न पत्रपत्रिका र अनलाइन न्यूज पोर्टलका साथै बैंकको सामाजिक सञ्जालमार्फत नियमित रूपमा प्रकाशन गर्ने गरिएको छ ।

७. उद्यमशीलता विकास, पैसाको महत्व, सुरक्षा र आय आर्जन वृद्धि गर्ने गरी जनताको वित्तीय चेतना अभिवृद्धि गर्न The Organisation for Economic Co-operation and Development (OECD) को अनुरोधबमोजिम हरेक वर्ष मार्च महिनामा 'Global Money Week' मनाउने गरिएको छ ।

**वित्तीय साक्षरता अभिवृद्धि गर्ने कार्य एकल प्रयासबाट सम्भव पनि हुँदैन । यसका लागि सरकार, नेपाल राष्ट्र बैंक, वित्तीय सेवाप्रदायक संस्था र अन्य सरोकारवाला पक्षबिच समन्वय र सहकार्य आवश्यक छ ।**

८. वित्तीय साक्षरता रणनीतिको मस्यौदा तयार पारी स्वीकृतिका निम्ति २०७६ असोजमा नेपाल सरकारमा पठाइएको छ । बैंकले वित्तीय साक्षरताको अवस्था पहिचान गर्न राष्ट्रियस्तरको सर्भेक्षण सम्पन्न गरिसकेको छ ।

९. बैंकले 'माया घोषणापत्र'मा सन् २०१३ मा पहिलो पटक गरेको विभिन्न विषयका प्रतिबद्धतालाई समसामयिक रूपमा थप एवम् विस्तार गरी 'माया घोषणपत्रमा प्रतिवद्धता, २०२२' समेत जाहेर गरिसकेको छ । सो प्रतिबद्धतामा परम्परागत एवम् डिजिटल सञ्चार माध्यमबाट वित्तीय साक्षरताका विषयवस्तु प्रकाशन/प्रसारण गर्ने, डिजिटल वित्तीय साक्षरतालाई प्राथमिकताका साथ प्रवर्द्धन गर्ने, वित्तीय साक्षरता प्रवर्द्धन गर्न स्थानीय सरकार, शैक्षिक संस्था, गैर-बैंकिङ वित्तीय संस्था, सहकारी संस्था, आम सञ्चारका माध्यमसँग समन्वय र सहकार्य गर्ने, 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम' सञ्चालन गर्ने, वित्तीय साक्षरताको आधारभूत राष्ट्रिय सर्भेक्षण गर्ने जस्ता विषयहरू समेटिएका छन् ।

१०. नेपाल राष्ट्र बैंक नेपालको वित्तीय सेवा र प्रणालीलाई डिजिटलाइजेसनको माध्यमबाट सबैको पहुँचमा पुग्ने गरी विकास गर्नेतर्फ अघि बढिरहेको छ । नेपालमा मात्र नभई विश्वमै प्रविधिको विकाससँगै डिजिटल वित्तीय सेवा प्रवाहको गति तीव्र रूपमा बढ्दै गएको सन्दर्भमा नेपालमा पनि डिजिटल वित्तीय सेवा प्रवाहसम्बन्धी नीतिगत व्यवस्था, डिजिटल पूर्वाधार र डिजिटल वित्तीय साक्षरता प्रवर्द्धन गर्ने कार्य बैंकको प्राथमिकतामा रहेको छ । बैंकले चालू आर्थिक वर्षदेखि देशका विभिन्न क्षेत्रमा विभिन्न समूहहरूलाई लक्षित गरी डिजिटल वित्तीय साक्षरता कार्यक्रम आयोजना गर्ने कार्यक्रम रहेको छ । उक्त कार्यक्रममार्फत नेपालमा प्रयोग भइरहेका डिजिटल वित्तीय सेवाहरू तथा क्रिप्टोकरेन्सीलगायतका गैरकानुनी कारोबारको जानकारीका साथै डिजिटल वित्तीय कारोबारमा हुन सक्ने ठगी र यसबाट बच्ने उपाय आदिबारे जानकारी दिने लक्ष्य रहेको छ । नेपालमा 'केन्द्रीय बैंक डिजिटल मुद्रा' जारी गर्ने सन्दर्भमा पनि बैंकले अध्ययन गरिरहेको छ ।

११. बैंकका विभिन्न सूचना, जानकारी तथा वित्तीय चेतनामूलक सामग्री प्रचारप्रसार गर्न आधिकारिक ट्विटर अकाउन्ट, फेसबुक पेज, यूट्यूब च्यानल सञ्चालनमा ल्याइएका छन् ।

१२. वित्तीय साक्षरतालगायत वित्तीय समावेशिता बढाउने कार्यलाई अघि बढाउन बैंकले Alliance For Financial Inclusion (AFI) को वित्तीय तथा प्राविधिक सहयोगमा विभिन्न चेतनामूलक गतिविधि सञ्चालन गरिरहेको छ भने यस सम्बन्धमा United Nations Capital Development Fund (UNCDF), International Finance Corporation (IFC) लगायतका विकास साझेदारहरूसँग समेत आवश्यक सहकार्य भइरहेको छ ।

## निचोड

विभिन्न देशमा भएका अध्ययनबाट वित्तीय शिक्षाका माध्यमबाट मानिसहरू वित्तीय रूपमा साक्षर हुने र यसबाट व्यक्तिको असल वित्तीय व्यवहारमार्फत उद्यमशीलता विकास तथा आर्थिक सम्पन्नता हासिल गर्न सघाउने जस्ता निष्कर्ष आएका छन् । तथापि, वित्तीय साक्षरता मात्रै व्यक्तिको आर्थिक उन्नति र आत्मनिर्भरताको पर्याप्त आधार भने होइन । त्यस्तै, वित्तीय साक्षरता एक जडसूत्रमा आधारित विषय तथा विशुद्ध विज्ञान (Pure Science) पनि होइन । एक खाले वित्तीय शिक्षाले सबै व्यक्तिलाई समान ढङ्गले वित्तीय रूपमा साक्षर बनाउने सम्भावना पनि न्यून रहन्छ । त्यस्तै, वित्तीय साक्षरता अभिवृद्धि गर्ने कार्य एकल प्रयासबाट सम्भव पनि हुँदैन । यसका लागि सरकार, नेपाल राष्ट्र बैंक, वित्तीय सेवाप्रदायक संस्था र अन्य सरोकारवाला पक्षबिच समन्वय र सहकार्य आवश्यक छ ।

# सुर्खेतमा विद्युतीय भुक्तानीसम्बन्धी अनुशिक्षण



सुर्खेत कार्यालयले भदौ २४ गते वीरेन्द्रनगरमा 'विद्युतीय भुक्तानी प्रणाली र यसको विविध पक्ष' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

विद्युतीय भुक्तानी प्रणालीलाई प्रोत्साहन र प्रवर्द्धन गरी वित्तीय पहुँच अभिवृद्धि गर्ने उद्देश्यका साथ कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । सुर्खेत कार्यालयका प्रमुख विनय सिग्देलको अध्यक्षतामा आयोजित अनुशिक्षण कार्यक्रममा सुर्खेतस्थित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा भुक्तानी प्रणाली विभागका उप-निर्देशक तीर्थराज ओझाले नेपालमा भुक्तानी प्रणालीको नीतिगत व्यवस्था र यसको कार्यान्वयन अवस्थालाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा सहभागी बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिले भुक्तानी कारोबारसँग सम्बन्धित विषयमा सुझाव, गुनासो र जिज्ञासा राखेका थिए ।

कार्यक्रममा सुर्खेत कार्यालयका सहायक निर्देशक पूर्णबहादुर मौरातीले स्वागत मन्तव्य राख्नुभयो भने सहायक समीर फयलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# केन्द्रद्वारा विभिन्न तालिम कार्यक्रम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले २०७९ भदौ महिनामा काठमाडौंमा विभिन्न सात वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ । यसै क्रममा केन्द्रले साउन २९ देखि भदौ ५ गतेसम्म 'Risk Based Internal Audit' विषयक अधिकृतस्तरीय तालिम कार्यक्रम सञ्चालन गऱ्यो । तालिममा बैंकका विभिन्न विभाग/कार्यालयका ३४ जना कर्मचारीको सहभागिता थियो । १४ वटा सत्रमा उक्त तालिम सञ्चालन गरिएको थियो ।

यसै क्रममा केन्द्रले भदौ १ देखि २१ गतेसम्म १५ दिने 'MS Office Package' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो । उक्त तालिममा माइक्रोसफ्ट अफिस प्याकेजसँग सम्बन्धित विविध विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो । तालिममा काठमाडौं उपत्यकास्थित विभिन्न विभाग/कार्यालयका ३१ जना सहायकस्तरका कर्मचारीको सहभागिता थियो ।

केन्द्रले भदौ ५ देखि ९ गतेसम्म काठमाडौंमा 'AML CFT Regimes' विषयक तालिम सञ्चालन गऱ्यो । १५ वटा सत्रमा सञ्चालित तालिममा ३० जना कर्मचारीको सहभागिता थियो । यस्तै, केन्द्रले भदौ ५ देखि १० गतेसम्म 'Research Methodology and Report Writing' विषयक तालिम सञ्चालन गऱ्यो । १७ वटा सत्रमा सञ्चालित उक्त तालिममा ३२ जना कर्मचारीको सहभागिता थियो ।

यसै गरी, केन्द्रले भदौ १९ देखि २२ गतेसम्म 'Banking Operation' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो । १४ वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयका ३० जना कर्मचारीको सहभागिता थियो । केन्द्रले भदौ २६ देखि ३१ गतेसम्म 'Risk Based Supervision' विषयक अधिकृतस्तरीय तालिम कार्यक्रम सञ्चालन गऱ्यो । १४ वटा सत्रमा सञ्चालित उक्त तालिममा २८ जना कर्मचारीको सहभागिता थियो ।

प्रकाशक
नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय
सूचना तथा सञ्चार समन्वय महाशाखा
बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

सम्पादक
डा. भागवत आचार्य

सम्पादन सहयोगी
विद्या अधिकारी
लालकुमार सुवेदी
नवीना ताम्राकार